नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३२ अंक ३८ २०७९ साल भदौ १४ गते मंगलबार (30 Aug 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कसरी मनाउँछन्... ३ पृष्ठमा : ८५ दिनमा छ अर्ब कमाएपछि... ३ पृष्ठमा : भारतीय कांग्रेस अध्यक्षको...

# प्रदेशलाई अधिकार नदिए आन्दोलनको विकल्प छैन् : मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले अब पनि प्रदेशलाई अधिकार नदिने हो भने फेरी आन्दोलनको विकल्प नरहने बताएका छन् ।

सप्तरीको तिरहुत गाउँपालिकामा सोमवार एकै दिन चार वटा संरचनाको उदघाटन गर्दै उनले यस्तो बताएका हुन् ।

प्रदेश सरकारलाई अहिले पनि संघिय सरकारले अधिकारविहीन अवस्थामा राखेको भन्दै उनले असन्तुष्टी ब्यक्त गर्दै प्रदेशलाई पुर्ण अधिकार प्राप्तीका लागि नै मधेश प्रदेश सरकारले सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरेको उल्लेख गरे ।

तिरहुत गाउँपालिकाको विभिन्न वडामा नवनिर्मित २ सामुदायिक भवन, एउटा खेलकुद भवन र एउटा मन्दिरको एकै दिन उदघाटन गरेका उनले आफु शिलान्यास भन्दा पनि काम पुरा गरी उद्घाटन र समुदायमा हस्ताणतरण गर्नमा बढी रुची राख्ने गरेको स्पष्ट पारे ।

एक महिना भित्र मन्त्री साहले समाजिक विकास मन्त्रालय, भौतिक पुर्वाधार मन्त्रालय र आफ्नो संसदीय विकास कोषको रकमबाट सप्तरी जिल्लाको विभिन्न पालिकामा १७ वटा नयाँ संरचनाको निर्माण गरी उदघाटन गरिसकेका छन् ।

यसरी उद्घाटन गरिएका संरचनाहरुमा सामुदायिक भवन, विद्यालय भवन, खेलकुद भवन, मन्दिर, मदरसा, धर्मशाला, सडक, ग्रामिण पुल, स्वाथ्य चौकी, अस्पताल लगायतका संरचना छन् ।

उद्घाटनका अवसरमा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, डिभिजन वन कार्यालय सप्तरीका प्रमुख हेमन्त साह, सामुदायिक भवनका लागी निशुःक जग्गा दान गर्ने जग्गा दाता सुर्या देवी दास तथा स्थानीयवासीको उल्लेख्य उपस्थिती रहेको थियो ।

यसै क्रममा मंगलवार पनि सामाजिक विकास मन्त्रालयको ७५ लाखको सहयोगमा निर्माण गरिएको तिरहुत गाउँपालिकास्थित सरस्वती जनता माध्यमिक विद्यालयको नवनिर्मित ५ कोठे भवनको उद्घाटन मन्त्री साहले गर्ने तय भएको छ ।

# मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन

काठमाडौँ, १३ भदौ (रासस) ।

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरेको छ ।

आयोगमा सङ्कलित मतदाता विवरणलाई यही भदौ १२ गते वडास्तरमा प्रकाशन गराइएको छ । त्यसपछि तोकिएको प्रमुख नाम दर्ता अधिकारीले दाबी विरोधका कार्यक्रम सञ्चालन गर्नेछन् ।

सो अवधिमा मतदाता नामावलीमा त्रुटि भए सच्याउने, झुटा विवरण दिइ नाम लेखाइएको भए प्रक्रियागतरुपमा निवेदन दिइ हटाउन लगाउने, एकै व्यक्तिको एक

*बाँकी अन्तिम पृष्ठमा*


## र्दिक बधाई एवं शुभकाम



**सोनाई दास**

राजविराजस्थित सोनाई विज भण्डार एण्ड सप्लायर्सका प्रोपराइटर **श्री सोनाई दास** ज्यू कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तरगतको जीवनाशक विषादी व्यवस्थापन समितिको सदस्य पदमा तीन वर्ष कार्यकालका लागि मनोनित हुनुभएकोमा हार्दिक बधाईका साथ उहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु ।

**हरिनारायण यादव**
**कृषि अधिकृत**
**राजविराज नगरपालिका**


# दुई सय घरेलु मदिरा नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

सशस्त्र प्रहरीले सोमवार दुई सय लिटर घरेलु मदिरा नियन्त्रणमा लिई नष्ट गरेको छ ।

घरेलु मदिरा उत्पादन र विक्री वितरणमा कडाई गर्दै प्रहरीले सप्तरीको सुरुङ्गा नगरपाकिाको कदमाहा-गाईघाट सडक खण्डमा विभिन्न सवारी साधन चेकजाच गर्ने क्रममा उक्त परिमाणको घरेलु मदिरा बरामद गरी प्रहरीले नष्ट गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाका अनुसार सुरक्षा वेश क्याम्प कडरबोनाबाट खटेका सशस्त्र प्रहरी सहायक निरिक्षक विनोद चौधरी नेतृत्वको टोलीले विभिन्न सवारी साधन चेक जाँचको क्रममा उक्त घरेलु मदिरा बरामद गरेको छ ।

प्लास्टिकको भाँडोमा राखि लैजादै गरेको उक्त घरेलु मदिरा सोमवार नै सशस्त्र प्रहरी बल सुरक्षा वेश क्याम्प कडरबोनामा ल्याइ वडा अध्यक्ष दिलाराम चौधरी, सशस्त्र प्रहरीका वेशपती सहायक प्रहरी निरीक्षक धमेन्द्र सिंह भण्डारी, इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी अधिकारी तथा स्थानीयको

*बाँकी अन्तिम पृष्ठमा*


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# कसरी मनाउँछन् तेस्रोलिङ्गीले तीज ?

**कालिका खड्का**

काठमाडौँ, १३ भदौ (रासस)।

तीज पर्वमा माइत गएर, आमा दिदीबहिनी भेटघाट गरेर आफूले जीवनमा भोगेका पीडालाई गीतमार्फत् अभिव्यक्त गर्दै मनाउने गरिन्छ। तर तेस्रोलिङ्गी महिलाले भने आफन्तभन्दा पनि आफ्ना साथीभाइसँग मनाउने गर्छन् तीज। आफन्तको व्यवहारका कारण उनीहरु साथीभाइबीच भेटघाट गरी तीज मनाउने गरेका हुन्। “तीज पर्व आफन्तसँग मनाउन रमाइलो हुन्छ, आमा, दिदीबहिनी भेटघाट गर्दा छुट्टै आन्नद हुन्छ होला”, सिन्धुलीकी रुविना तामाङले भन्नुभयो, “घरपरिवार र समाजले मलाई सहजरुपमा स्वीकार गरेको छैनन्, पहिरन पनि मिल्दैन, सोच मिल्दैन।” रुविनालाई परिवारसँग भेट्न नपाए पनि आफ्नो खुसीका लागि साथीसँग मिलेर तीज मनाउन राम्रो लाग्छ। “म व्रत बस्छु, पहिला त निराहार बस्थेँ, अहिले फलफूल खाएर बस्छु” उहाँले सुनाउनुभयो, “राम्रो पति मिलोस भनेर व्रत गरेको छु, विधिपूर्वक पूजा गर्छु।”

तेस्रोलिङ्गी महिला सबैले व्रत बस्दैनन्। व्रत बस्दा मन्दिरमा पूजा गर्न सहज पनि छैन। यी समुदायका महिला सुरुमा पुरुष भएर जन्मिएका हुन्छन्। बाबुआमाले छोराकैरुपमा हुर्काएका हुन्छन्। तर हुर्कने, बढ्ने क्रममा आफूलाई छोरीको महसुस गरेर छोरीकै पहिरन लगाउने, छोरीकै हाउभाउ देखाउने र व्यवहार गर्ने गर्दछन्।

जन्मँदा छोरा भनेर परिवार र समाजले हेरिरहेको हुन्छ। पछि एकैपटक छोरीका रुपमा समाजले सहजरुपमा स्वीकार्न सक्दैन। “मलाई पनि तीजको दिन माइत जान, दर खान र व्रत बस्न मन लाग्छ, तर त्यो सम्भव छैन”, रुविनाले थप्नुभयो, “साथीभाई भेटघाट गर्न रहर लाग्छ, परिवारले स्वीकार गर्दैन, समाजमा अनेक कुरा गर्दछन्, यसकारण पनि हामी घरमा जादैनौँ।”

“म छोराका रुपमा जन्मिएको हो, पछि किशोर अवस्थामा हुर्कदै जाँदा छोरीको महसुस भयो”, रुविनाले आफ्नो बाल्यकालको कहानी सुनाउँदै भन्नुभयो, “मलाई पनि विवाह होस्, बच्चा होस्, श्रीमान् भन्न पाइयोस् जस्तो लाग्छ, तर सम्भव छैन।” नेपालको संविधानमा यो समुदायलाई अन्य नागरिकका रुपमा नागरिकता दिने व्यवस्था गरिएको छ। तर कानुन बन्न नसक्दा प्रभावकारी रुपमा त्यो कार्यान्वयन भएको देखिँदैन। “संविधानमा लेखिएपछि निकै आफ्नै पहिचान हुन्छ भनेर खुसी लागेको थियो। तर संविधानमा सीमित भयो”, उहाँले जोड्नुभयो, “कागजमा लेखिएका कुरा कार्यान्वयन भएन।” यो समुदायलाई तीज र अरु पर्व मनाउन सहरी क्षेत्रमा सहज भए पनि ग्रामीण भेगमा कठिन छ।

समाजमा यो समुदायलाई जीवनयापन गर्न पनि कठिन छ। “आफ्नो दिमाग र मन मस्तिष्कले छोरी हो भन्ने महसुस भएपछि मलाई छोराका रुपमा परिवार र समाजमा बस्न मन लागेन”, रुविनाले जीवन कठिन मोडबाट अघि बढेको स्मरण गर्दै सुनाउनुभयो, “छोराले अचानक छोरीको पहिरन, व्यवहार, लजाउने स्वभाव देख्दा स्वीकार गर्न सहज भएन।”

तेस्रोलिङ्गी महिलाले तीज पर्व र अन्य पर्व पनि साथीभाइसँग मिलेर मनाउछन्। सहरी क्षेत्रमा एकाध स्वीकार गरिएको भए पनि धेरैको परिवारले स्वीकार गर्न नसकेको नै गुनासो छ। अधिकांश ग्रामीण भेग र परिवारमा यो समस्या छ। “म पनि आमाकै कोखबाट जन्मिएको हो, हामी छुट्टै ग्रहबाट आएको होइन, आकाश या धर्तीबाट आएको पनि होइन”, तीज पर्वका अवसरमा रुविनाले परिवार, समाज र राष्ट्रसँग आग्रह गर्दै भन्नुभयो, “हाम्रो भविष्य अनिश्चत छ, आफ्नो सन्तान जस्तै हो भनेर सबैले माया र सहयोग गर्न अनुरोध गर्छु।”

घरपरिवार र समाजमा सहज रुविनालाई मात्र होइन महोत्तरीकी नग्मा खानलाई मुस्लिम परिवारमा जन्मिएको भए पनि मस्जिदमा जान प्रतिबन्ध छ। त्यसैले उहाँले हिन्दू महिलाले मनाउने तीज पर्व मनाउनुहुन्छ। “मलाई नमाज पढ्न, रोजा बस्न दिइँदैन, मस्जिदमा जान अनुमति छैन”, उहाँले थप्नुभयो, “मन लाग्यो भने आफूले घरमै बसेर गर्छु, हिन्दू भएर मन्दिरमै गएर पूजा गर्छु।” नग्माको यादव थरको पुरुषसँग विवाह भएको छ। नग्मा पनि छोरा भएर जन्मिएको हुनाले समाजले छोरीका रुपमा स्वीकार गर्न सकेको छैन।

“म पतिका लागि तीजमा व्रत बस्छु, मेरो पति हाम्रो समुदायको होइन, जन्मजात नै पुरुष हो”, उहाँले पतिका बारेमा जानकारी दिँदै भन्नुभयो, “परिवारको आग्रहमा मेरो श्रीमान्ले केटीसँग विवाह गर्नुभएको छ, एक छोरा छ, हामीसँगै बस्छ”, नग्माले एउटा पारिवारिक जीवन बिताउँदै आउनुभएको छ। छोरा पनि साथमा भएकाले परिवार पूरा भएको महसुस उहाँलाई छ। “मलाई माइतीले स्वीकार गरेको छैन, तर श्रीमान्ले परिवारले स्वीकार गरेका छन्, जाने आउने सबै खालको सम्बन्ध छ”, उहाँले थप्नुभयो, “अर्को श्रीमती गाउँमा बस्नुहुन्छ, म सहरमा छु, सबै परिवारलाई जानकारी छ, श्रीमान्कै घरमा गएर बसेर चाडपर्व मनाउँछौँ।”

बेलाबेला उहाँका पतिलाई समाजले नराम्रो तरिकाले भन्ने गरेको सुनाउँदै उहाँ थप्नुहुन्छ, “गाउँमा समाजले तेरो छोरा हिजडासँग बसेको छ भनेर भनिरहन्छन्, त्यो सुनेर उहाँको मन पनि खिन्न हुँदो हो, हामी जुन समुदायमा हुर्किएका छौँ, त्यो समाजले अहिले पनि सहजरुपमा लिन सकेको छैन।” नग्माको छोराकै नाममा नागरिकता छ। उहाँले एमएसम्म पढ्नुभएको छ। धेरैले बाबुआमाकै नाममा नागरिकता लिएर बसेका छन्।

“आफ्नो पतिको लागि भनेर एकदिन व्रत बस्दा राम्रो लाग्छ”, उहाँले थप्नुभयो, “जिन्दगीमा जीवनसाथी महत्वपूर्ण छ, उसको लागि व्रत बस्दा असाध्यै राम्रो लाग्छ।”

नील हीरा समाजका अध्यक्ष पिङ्की गुरुङलाई तीज पर्व आफ्नो समुदायको अधिकारका लागि पनि लड्ने दिनजस्तो लाग्छ। “हरेक वर्ष तीज मनाउँछु, वर्ष दिनमा आउने पर्व परिवारसँग मनाउन पाइँदैन”, उहाँले परिवारको याद धेरै आउने गरेको सुनाउँदै भन्नुभयो, “घरपरिवारको तिर्सना मेटाउन साथी मिलेर मनाउछौँ, समाजले यो समुदायलाई सांस्कृतिरुपमै वञ्चित गरेको छ, यो भन्दा दुःख लाग्छ।”

उक्त समाजको तथ्याङ्कअनुसार नेपामा करिब नौ लाख लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय रहेका छन्। परिवार तथा समाजले सहजरुपमा स्वीकार गर्न नसकेका कारण उनीहरु खुलारुपमा बाहिर आउन नसकेको अध्यक्ष गुरुङको भनाइ छ। सो समाजका २५ जिल्लामा कार्यालय छन्। ती सबै कार्यालयमा तीज कार्यक्रम मनाउने तयारी छ। “हरेक वर्ष काठमाडौँमा कार्यालयमै तीज मनाउने गरिन्थ्यो, अहिले धेरै छौँ”, उहाँले थप्नुभयो, “यो वर्ष गैरीधारास्थित सिल्भर ओक भोजमा कार्यक्रम गर्ने तयारी छ।” उहाँका अनुसार उक्त समुदायको तीज कार्यक्रममा उत्कृष्ट नृत्य, हास्य नृत्य, उत्कृष्ट पहिरन, उत्कृष्ट हिँडाइलाई पुरस्कार प्रदान गरिन्छ। अध्यक्ष गुरुङका अनुसार कसैलाई पनि पर्वमा परिवारको सम्झनामा पीर मानेर बस्नु नपरोस् भनेर कार्यक्रमको आयोजना गर्न लागिएको हो। उक्त समदायले १७ वर्षदेखि तीज कार्यक्रम मनाउँदै आएको छ।

नील हीरा समाजका कार्यक्रम निर्देशक सञ्जय शर्माका अनुसार जन्मँदै छोरा तर हुर्कदै बढ्दै जाँदा छोरीको महसुस गर्ने तेस्रो लिङ्गी महिलाले तीज पर्व मनाउनहुन्छ। जन्मँदा छोरी भएर जन्मने तर हुर्कने बढ्ने क्रममा छोरा व्यवहार देखिनेले व्रतबन्ध गर्ने, बाबुआमाको काजकिरिया गर्ने गर्नुहुन्छ। यो वर्ष तीज कार्यक्रममा उक्त समुदायका चार सय महिला सहभागी भएर तीज मनाउने कार्यक्रम छ।

उक्त समाजले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकारका लागि काम गर्दै आएको छ। नेपालमा सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्तिमा पनि विशेष गरी तेस्रोलिङ्गी वर्गको हकअधिकारका लागि काम गर्न स्थापना गरिएको हो। विविध लैङ्गिकता र यौनिकताका व्यक्तिविरूद्ध विद्यमान कानुनमा परिवर्तनको पक्षमा वकालत गर्न सन् २००१ मा स्थापित भएको थियो। समाजले विविध लैङ्गिक र यौनिकताका व्यक्तिको निम्ति मैत्रीपूर्ण यौन स्वास्थ्यसम्बन्धी शिक्षा दिने, सरकारसँग वकालत गर्ने, युवाको कलात्मक अभिव्यक्तिलाई प्रोत्साहित गर्ने र हिंसाको अभिलेख राख्ने उद्देश्य रोखेको छ। यो समुदायबाट सुनिलबाबु पन्त र भूमिका श्रेष्ठले कानुन बनाउने निकायमा समेत नेतृत्व गरिसक्नुभएको छ। सर्वोच्च अदालतमा यौनिक तथा अल्पसङ्ख्य समुदायका सदस्यलाई भेद्भाव हुने गरी बनाएका कानुन खारेज गर्न आदेश दिएको थियो।

नेपालको संविधानको धारा १२ मा वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो। तर त्यसअनुरुप कानुन बन्न सकेको छैन। एकाध व्यक्तिले बाहेक अरुले नागरिकता प्राप्त गर्न सकेका छैनन्। उनीहरुमाथि हुने असमान व्यवहार र दुर्व्यवहारमा भने कमी नभएको उक्त समुदायका सदस्यको भनाइ छ।

तीज पर्व यो समुदायका महिलाको हक अधिकारका लागि पनि मनाइने गरिन्छ। आफूले भोग्नुपरेका समस्यालाई चिर्दै अधिकार प्राप्तिको अभियानसँगै जोडेर मनाउने गरेको समाजकी अध्यक्ष गुरुङको भनाइ छ। “तीजपर्व सशक्तीकरण र नारी आवाजलाई बुलन्द गरी मनाउने पर्व हो”, समाजकी अध्यक्ष गुरुङले भन्नुभयो, “हाम्रो समुदायको अधिकार प्राप्तिका लागि खबरदारी अभियानका रुपमा हामीले मनाउने गरेका छौँ।”

अध्यक्ष गुरुङ पनि जन्मँदा पुरुष भएर जन्मिएर हुर्कंदै बढ्दै जाने क्रममा छोरी हुनुभएको हो। “हुर्कंदै/बढ्दै जाँदा मलाई महिलाको अनुभव हुन थाल्यो, आफ्नै उमेरका केटी तीजको व्रत बस्थे, म शारीरिकरुपमा केटाजस्तो देखिन्थेँ”, उहाँले विगत स्मरण गर्दै भन्नुभयो, “मेरो भावनालाई समाजले बुझ्दैनथ्यो, अहिले म


## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# रेलको ‘वासिङ’ गराउन मात्र बर्सेनि पाँच करोड खर्च

**राजु विश्वकर्मा**

जनकपुरधाम, १३ भदौ (रासस)।

नेपाल रेल्वे कम्पनीले भारतको जयनगरदेखि धनुषाको कुर्था रेलमार्गमा सञ्चालन हुँदै आएको रेलको ‘वासिङ’ गराउन मात्र वार्षिक रु पाँच करोडभन्दा बढी रकम खर्च गर्दै आएको छ।

कम्पनीको आफ्नै वासिङ सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने वाध्यता रहेको छ। जयनगर-कुर्था रेलमार्गमा गत २०७८ चैत १९ गतेदेखि नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ।

“नियमित रेल सेवा सञ्चालन हुँदै आए पनि आफ्नो वासिङ सेन्टर र फ्युल सेन्टर नहुँदा भारतमा रेलको वासिङ गराउनुपर्ने अवस्था छ”, नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन कुमार झाले भन्नुभयो,“ यसका कारण हामीले वासिङमा मात्र बर्सेनि रु पाँच करोड खर्चिदै आएका छौँ।” भारतमा फचुल भराउँदा २८ प्रतिशत कर तिर्नुपर्ने अवस्था छ, यसबाट हामी बर्सेनि ठूलो रकम खर्चिन बाध्य छौँ उहाँको भनाइ छ।

“नेपाल रेल्वे कम्पनीले आफ्नो वासिङ सेन्टर र फचुल सेन्टर स्थापना गर्न सकिए वार्षिक करिब रु सात करोडभन्दा बढी रकम बचत हुन सक्छ”, उहाँले भन्नुभयो, “यसका लागि बजेट चाहिन्छ, हामीले सरकारसँग बजेट माग्दै आएका छौँ तर अहिलेसम्म बजेट पाउन सकेका छैनौँ।” बजेटका लागि आश्वसनबाहेक अहिलेसम्म बजेट पाउन नसकेको उहाँको गुनासो छ।

नेपाली रेल सञ्चालन गर्न नेपाली जनशक्ति नहुँदा अहिले भारतीय जनशक्तिबाट रेल सञ्चालन हुँदै आएको छ। “नेपाल रेल्वे कम्पनीमा २६ जना भारतीय कर्मचारी कार्यरत छन्”, महाप्रबन्धक झाले भन्नुभयो, “भारतीय कर्मचारीको तलब, रेलको मेन्टीनेन्स, सामान खरिदलगायतमा वार्षिक रु ४८ करोड भारतीय रेल्वे कम्पनीलाई तिर्नुपर्ने अवस्था छ।”

हामीसँग आफ्नो नेपाली चालक छैन, त्यसैलै भारतीय चालकले नै रेल चलाउँदै आएको छ त्यसबापत उहाँहरूलाई तलबबापत मात्रै मासिक रु १८ लाख तिर्नुपर्ने स्थिति रहेको उहाँको भनाइ छ। “तत्काल नेपाली दक्ष कर्मचारी उत्पादन गर्न सम्भव देखिँदैन”, उहाँले भन्नुभयो, “नेपाली जनशक्ति तयार गर्न भारत वा अन्य देशका इन्स्टिच्युटबाट तालिम दिलाउनुपर्छ, त्यसका लागि ठूलो रकम चाहिन्छ।”

जयनगरबाट कुर्था र कुर्थाबाट जयनगर दिनमा दुई पटक आउने जाने गर्दै आएको रेलबाट दैनिक रु. दुई लाख पाँच हजार आम्दानी हुँदै आएको नेपाल रेल्वे कम्पनीले जनाएको छ। रेलबाट वार्षिक रु आठ करोड आम्दानी हुँदा खर्च भने रु ५० करोड जति हुँदै आएको महाप्रबन्धक झाले बताउनुभयो।

*बाँकी तीन पृष्ठमा*


## डा. कालीप्रसाद यादव
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



## डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ८५ दिनमा छ अर्ब कमाएपछि थप बिजुली निर्यात गर्दै प्राधिकरण

**रमेश लम्साल**
काठमाडौँ, १३ भदौ (रासस)।

चर्को व्यापार घाटा सहिरहेको मुलुकका लागि पछिल्ला दिनमा केही सुखद सङ्केत देखा परेका छन्। कुनैबेला बिजुली आयात गर्ने मुलुक अब भने विद्युत् निर्यातक देशका रुपमा परिणत भएको छ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार पछिल्ला ८५ दिनमा मात्रै झण्डै रु छ अर्ब बराबरको बिजुली भारत निर्यात भएको छ। यसले चर्को खडेरीमा वर्षात् भए जस्तै राहतको महसुस भएको छ। हाल दैनिकरुपमा नै कूल तीन सय ६४ मेगावाट बराबरको बिजुली निर्यात भइरहेको छ। थप छ सय मेगावाट बिजुली निर्यातका लागि प्राधिकरणले पहल गरिरहेको छ। माथिल्लो तामाकोसीको चार सय ५६ मेगावाट र अन्य आयोजनाको एक सय १० मेगावाट बिजुलीसमेत भारत निर्यातका लागि तयारी भइरहेको छ।

भारतीय पक्षसँग निरन्तर संवाद भइरहेको र छिट्टै निष्कर्ष निस्कने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो। प्राधिकरणले चालू आवमा मात्रै रु १६ अर्ब बराबरको बिजुली निर्यात हुने प्रक्षेपण गरेको छ। थप बिजुली निर्यात भएको अवस्थामा आम्दानीमा समेत वृद्धि हुनेछ।

आगामी दुई वर्षपछि मुलुक पूर्णरुपमा बिजुली निर्यात गर्ने देशका रुपमा परिणत हुने कार्यकारी निर्देशक घिसिङको भनाइ छ। "आगामी हिउँदमा समेत केही मात्रामा बिजुली आयात गर्नुपर्ने हुनसक्छ, तर त्यसको मात्रा असाध्यै न्यून हुनेछ, आगामी वर्षदेखि भने हामी आयात शून्यमा झारेर निर्यात मात्रै गर्नेछौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

गत वर्षको लक्ष्मीपूजाको दिनदेखि प्राधिकरणले नुवाकोटमा आयोजनास्थल रहेका दुई आयोजनाको ३९ मेगावाट बिजुली भारत निर्यात सुरु भएको हो। गत जेठको १५ गतेदेखि पुनः बिजुली निर्यात सुरु भएको र जेठ २७ गतेदेखि भारतको ऊर्जा एक्सचेञ्ज मार्केटमा समेत निर्यात शुरु भएको छ। चालु आवको साउन महिनामा मात्रै झण्डै रु दुई अर्ब बराबरको बिजुली निर्यात भएको छ।

वर्षात्को मौसममा भारतमा गर्मी बढी हुने भएकाले बिजुलीको माग बढी हुने र सोहीअनुसार भाउ पनि पाएको उहाँको भनाइ छ। प्राधिकरणले बढी माग हुने समयमा प्रतियुनिट १९ रुपैयाँ २० पैसासम्म मूल्य पाएको छ। यो आन्तरिक बजारको तुलनामा धेरै बढी हो। आन्तरिकरुपमा खपत भएर बाँकी रहेको बिजुली निर्यात गर्दा त्यसबाट प्राधिकरणको आर्थिक स्वास्थ्यमा मात्रै सकारात्मक प्रभाव परेको छैन, मुलुकको आर्थिक उन्नयनमा समेत योगदान पुगेको छ।

गत आर्थिक वर्षमा मात्रै प्रणालीमा थप सात सय ४१ मेगावाट बिजुली थप भएको छ। चालु आवमा झण्डै एक हजार मेगावाट क्षमतामा बिजुली थप हुने विद्युत् विकास विभागका महानिर्देशक सञ्जिव देवको भनाइ छ। मुलुकको कूल जडित क्षमता दुई हजार दुई सय ६९ मेगावाट बराबर पुगेको छ।

**निर्यातका लागि छैन अवरोध**

मुलुकभित्र बिजुलीको उत्पादन बढ्दै जाँदा थप निर्यातका लागि प्रसारण लाइन नभएको भन्ने आशङ्का व्यक्त भइरहेका बेला प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ भने त्यसलाई नकार्नुभयो। उहाँले हाल भारतका विभिन्न राज्यमा विभिन्न स्थानबाट प्रसारण प्रणाली जोडिएको जानकारी दिनुभयो।

लनस्विगतमा बिजुली आयात गर्ने मात्रै विषयले प्राथमिकता पाउने गरेकामा पछिल्ला दिनमा निर्यातको विषयले प्राथमिकता पाएको उल्लेख गर्दै उहाँले आठ स्थानबाट दुई देश जोडिएको बताउनुभयो।

भारतीय कम्पनी सतलजले ढल्केबर हुँदै सीतामढी जोड्नका लागि निर्माण गरिरहेको चार सय केभी क्षमताको प्रसारण लाइनबाटै पनि बिजुली भारत पठाउन सकिने जानकारी दिनुभयो। सो प्रसारण लाइनले दुई हजार मेगावाट बिजुली बोक्न सक्छ। यस्तै चार सय केभी क्षमताको ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन पूर्ण क्षमतामा चलाउँदा एक हजार दुई सय मेगावाट बराबर बिजुली पठाउन सकिन्छ।

उता न्यू-बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि बोलपत्र भइसकेको जानकारी दिँदै उहाँले आगामी दुई वर्षभित्र सो लाइनसमेत निर्माण भइसक्ने उल्लेख गर्नुभयो। सो प्रसारण लाइन निर्माणका लागि पावर ग्रिड इण्डियाले जिम्मा लिएको छ। त्यसमा प्राधिकरण र भारतीय पक्षको समान लगानी रहनेछ। कूल एक सय ४० किलोमिटर हुने भनिएको सो लाइनको लम्बाइसमेत घटेको छ। त्यस आधारमा लगानी पनि रु एक अर्ब कम लाग्ने देखिएको छ।

नेपालतर्फको अमेरिकी सहयोग परियोजनाले निर्माण गर्ने भनिएको स्थानमा समेत १८ किलोमिटर प्रसारण लाइन प्राधिकरण आफैँले निर्माण गर्ने भएको छ। भारततर्फको कूल एक सय २० किलोमिटरमध्ये ९६ किलोमिटर मात्रै निर्माण हुने भएको छ।

यस्तै लम्की-बरेली र इनरुवा-पूर्णिया अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि पनि प्रक्रिया सुरु गरिने भएको छ। ती दुवै प्रसारण लाइन चार सय केभी क्षमताका छन्। आन्तरिकरुपमा आयोजना निर्माण सम्पन्न हुँदै जाँदा प्रसारण लाइन तयार भइसक्ने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

प्राधिकरणले सतलजले निर्माण गरिरहेको प्रसारण लाइनमा समेत प्रयोग गर्न पाउने भएको छ। त्यस आधारमा पनि कुनै समस्या नहुने जनाएको छ। आन्तरिकरुपमा निर्माणमा रहेको हेटौँडा- इनरुवा प्रसारण लाइनको अवरोधसमेत खुलेका अवस्थामा सो लाइनमार्फत थप बिजुली प्रवाहका लागि मार्ग प्रशस्त हुने जनाएको छ।

हाल देशभर ९५ प्रतिशत घरधुरीमा केन्द्रीय प्रणालीको बिजुली पुगेको उहाँले जानकारी दिनुभयो। सरकारको निरन्तरको प्रयास र प्राधिकरणको सकारात्मक योजना र पहलका कारण चार वर्षअघि ६२ प्रतिशत घरधुरीमा मात्रै बिजुली पुगेको भए पनि हाल त्यो बढेर ९५ प्रतिशत पुग्नु आफैँमा महत्वपूर्ण उपलब्धि भएको उहाँको भनाइ छ।

प्राधिकरणले बिजुली नपुगेका दुर्गम स्थानका लागि बोलपत्रसमेत गरिसकेकाले आगामी दुई वर्षभित्र शतप्रतिशत घरधुरीमा बिजुली पुग्नेछ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले ५० हजार घरधुरीमा उज्यालो पुर्‍याउनेछ।

आन्तरिकरुपमा पनि बिजुली खपतको मात्रामा २५ प्रतिशतले वृद्धि भएको उहाँको भनाइ छ। हरेक वर्ष बिजुलीको खपतमा वृद्धि भएको र त्यो निरन्तररुपमा अगाडि बढ्ने क्रममा नै रहेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

देशभित्रै बिजुली खपतका लागि विद्युतीय चुल्होको प्रवर्द्धन तथा विद्युतीय सवारीसाधनका लागि चार्जिङ स्टेशन निर्माणलाई पनि प्राथमिकतामा राखेर अगाडि बढाइएको उहाँको भनाइ छ। प्राधिकरणले नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग मिलेर चार्जिङ स्टेशन र विद्युतीय चुल्हो प्रयोगको अभियान नै सञ्चालन गर्ने भएको छ।

---

## रेलको 'वासिङ' ...

अहिले नेपाल सरकारले भारतीय रेल्वे कम्पनी कार्पोरेशन (कोङकण) लाई वार्षिक रु ४८ करोड तिर्नुपर्ने सम्झौता भएको महाप्रबन्धक झाको भनाइ छ। रेल सञ्चालन भएदेखि रेल घाटा नगए पनि सम्झौताअनुसार भारतीय रेल्वे कम्पनीलाई रु ४८ करोड तिर्नुपर्ने भएकाले समस्यामा परेको महाप्रबन्धक झाले बताउनुभयो।

गत २०७८ चैत १९ गते प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँका भारतीय समकक्षीले हरियो झण्डा देखाएर जयनगर-कुर्था रेल मार्गमा रेल सेवाको शुभारम्भ गर्नुभएको थियो। त्यसयता दैनिक निर्धारित समय तालिकाअनुसार नै नियमित रेल चल्दै आएको कम्पनीका इञ्जिनियर विनोद ओझाले जानकारी दिनुभयो।


उहाँका अनुसार जयनगरबाट ८:३० र ३ बजे छुट्ने गर्छ भने कुर्थाबाट १०:३० र ५:१५ मा अर्को रेल छुट्ने गरेको छ। रेल चल्न थालेसँगै यहाँको पर्यटन, धार्मिक क्षेत्रको विकास र स्थानीय उत्पादनको निर्यात बढेको जनकपुरधामका व्यापारी रोशन साहको भनाइ छ। रेल रोकेर यात्रु चढाउन र झार्नका लागि सात ठाउँमा स्टेशन/हल्ट रहेका छन्। तीनमा कुर्था, परवाहा, बैदेही, महिनाथपुर, खजुरी, इनर्वा र जयनगर छन्।

भारतको सरकारी कम्पनीमार्फत रेल सेट खरिद गरेर करिब तीन वर्षअघि नेपाल आइपुगे पनि विभिन्न समस्याका कारण सञ्चालन हुनसकेको थिएन। कहिले कर्मचारी नहुने त कहिले कानुनको अभावले गर्दा लामो समय रेल सेट उसै थन्किएको थियो। अहिले दुवै सेट रेल सञ्चालनमा छ।

कुर्थाबाट जयनगर वा जयनगरबाट कुर्था ३५ किमीका लागि सामान्य सिटमा रु ९० भाडादर तोकिएको छ। एसिका लागि भने त्यसको पाँच गुणाअर्थात् रु चार सय ५० तिर्नुपर्ने कम्पनीले जनाएको छ। कम दूरीमा यात्रा गर्दा स्वत भाडादर त्योभन्दा कम हुनेछ।





डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


---

## विश्व समाचार

### भारतीय कांग्रेस अध्यक्षको निर्वाचन अक्टोबर १७ मा हुने

नयाँदिल्ली, १३ भदौ (रासस/एएनआई)।

भारतीय कांग्रेसको अध्यक्षको निर्वाचन आगामी अक्टोबर १७ मा हुने भएको छ। पार्टीको केन्द्रीय कार्यसमितिको आइतबार बसेको बैठकले अध्यक्ष चयनका लागि मतदान हुने मिति तय गरेको हो। मतगणना भने मतदान भएको दुई दिनपछि अक्टोबर १९ मा गर्ने निर्णय भएको पनि नेताहरुले जानकारी दिएका छन्। बैठकमा भारतका पूर्व प्रधानमन्त्री तथा पार्टीका वरिष्ठ नेता डा मनमोहन सिंह, पार्टीकी अन्तरिम अध्यक्ष सोनिया गान्धी, पूर्व अध्यक्ष राहुल गान्धी, महामन्त्री प्रियंका गान्धी भद्रालगायतले अनलाईन मार्फत बैठकमा सहभागीता जनाउनु भएको थियो।

पार्टीका वरिष्ठ नेता गुलाम नाबी असदले गत शुक्रबार पार्टी परित्याग गरेको घोषणा गरेको पर्सी पल्ट काँग्रेसको बैठक बसेको हो। पार्टीको निर्णयअनुसार केन्द्रीय निर्वाचन प्राधिकरणले समयमै निर्वाचन गराउन प्रक्रिया र गृहकार्य सुरु गरिसकेको छ। आगामी निर्वाचनलाई लक्षित गरी पार्टीलाई नेतृत्व प्रदान गर्नुपर्ने भएकाले नयाँ अध्यक्षको जिम्मेवारी निकै चुनौतीपूर्ण रहेको ठानिएको छ।

यसअघि पनि आम निर्वाचनमा पार्टीले नराम्रो पराजय भोगेपछि तत्कालीन अध्यक्ष राहुल गान्धीले नैतिकताका आधारमा हारको जिम्मेवारी लिँदै पदबाट राजीनामा दिनु भएको थियो। उहाँको राजीनामा लामो समयसम्म अस्विकृत गरिएको थियो भने पार्टीका नेताहरुलाई उहाँलाई राजीनामा नदिन दवाब दिदै आएका थिए। सबै दबाब र अनुरोधहरुलाई अस्विकार गर्दै उहाँले पदमा नफर्किने अडान लिएपछि उहाँकै आमा तथा पूर्वअध्यक्ष सोनिया गान्धीलाई अन्तरिम अध्यक्षको जिम्मेवारी दिइएको थियो।

तर अहिले फेरि पनि राहुल गान्धीलाई नै अध्यक्षका निर्वाचित गराउनुपर्नेमा पार्टीका धेरै नेताहरुले खुलेरै जोड दिने गरेका छन्। उहाँले भने आफू अहिले पनि अध्यक्ष बन्न नचाहेको बताउदै आउनु भएको छ। यद्यपि भारतीय काँग्रेस पार्टीले यसअघि नै उहाँकै नेतृत्वमा 'भारत जोडो यात्रा' सञ्चालन गर्ने घोषणा गरिसकेको छ। आगामी सेप्टेम्बर ७ मा कन्याकुमारीदेखि सुरु हुने यात्रा १४८ दिनको हुने तय गरिएको छ। सो यात्रा काश्मिरमा पुगेर अन्त्य गरिने भएको छ।

पैदलमार्फत हुने सो पाँच महिने यात्राका क्रममा झण्डै तीन हजार पाँच सय किलोमिटर पार गरिने भएको छ। दैनिक औसतमा २५ मिलोमिटर यात्रामा हुने अनुमान गरिएको छ। सहभागीहरुले १२ राज्य भ्रमण गर्ने छन्। यात्राका क्रममा छोटा छोटा र्‍याली, सार्वजनिक कार्यक्रम, भेला, आमसभा, अन्तर्क्रिया, बैठकलगायतका गतिविधि गरिने भएको छ।

### पाकिस्तानमा बाढी पहिरोबाट तीन करोड तीस लाख प्रभावित

इस्लामावाद, १३ भदौ (रासस/सिन्ह्वा)।

पाकिस्तानमा बाढीपहिरोबाट पछिल्लो समय तीन करोड ३० लाख मानिस प्रभावित भएका छन्। बाढी पहिरोले देशका ७२ जिल्लामा असर पारेको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणले सोमबार जनाएको छ।

गतमध्य जुनदेखि सुरु भएको मनसुनपछिका वर्षाजन्य घटनामा परी ठूलो धनजनको क्षति भएको छ। बाढी पहिरोबाट सबैभन्दा बढी सिन्ध प्रान्त प्रभावित भएको छ। देशको दक्षिणी क्षेत्रमा पर्ने सो प्रान्तमा मात्रै एक करोड ४५ लाख मानिस प्रभावित भएको प्राधिकरणले जनाएको छ।

बाढीपहिरोका कारण एक हजारभन्दा बढीको मृत्यु भएको छ। सयौं मानिस बेपत्ता र गम्भीर घाइते भएकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने उद्धारकर्ताहरुले जनाएका छन्। यस बर्षको प्राकृतिक प्रकोप तीस बर्ष यताकै सबैभन्दा बढी घातक देखिएको प्राधिकरणका अधिकारीहरुले जानकारी दिएका छन्।

अत्यधिक बर्षाका कारण देशका विभिन्न ठाउँमा बाढी, पहिरोलगायतका घटना भएको प्राधिकरणले जनाएको छ। बाढी पहिरोका कारण अरु हजारौँ मानिस विस्थापित र प्रभावित भएका छन्। त्यसैगरी करिब सात लाख घर क्षतिग्रस्त भएका छन् भने १५० भन्दा बढी पुल भत्किएका छन्। लगातारको बर्षाका कारण देशका विभिन्न ठाउँमा बाढी पहिरो आएको र ठूलो मानवीय तथा भौतिक क्षति भएकाले राष्ट्रिय सङ्कट घोषणा गरिएको छ।

सरकारले गत बिहीबार राष्ट्रिय सङ्कट घोषणा गर्दै आफ्ना सबै शक्ति तथा कार्यक्रम प्रभावित क्षेत्र र पीडित जनतामा केन्द्रीत गरिने जनाएको छ। बाढी पहिरो गएका ठाउँमा उद्धार तथा राहतका लागि ठूलो मात्रामा जनशक्ति परिचालन गरिएको छ। उनीहरुले घटनास्थलमा दयनीय अवस्था रहेकाले धेरै सहयोग सामग्रीहरुको आवश्यकता रहेको बताएका छन्।

# महिलाबन्दीहरूसँग अधिकारकर्मीहरूले तीज मनाए



**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

राजविराज कारागारमा रहेका महिला कैदीबन्दीहरूलाई सामूहिक रूपमा दर खुवाएर सोमबार अधिकारकर्मीहरूले तीज मनाएका छन् ।

तीज महोत्सव मूल समारोह समिति सप्तरीका पदाधिकारी र अधिकारकर्मीहरू सँगै कारागारका कैदीबन्दी महिलाहरूले दर खाएर तीज मनाएका हुन् ।

कैदीबन्दी महिलालाई मिठाई खुवाउनुका साथै चुरा, पोते, टिकालगायतको सृङ्गारका सामान दिएर तीजको खुशी साटासाट गरेको कारगार प्रमुख किशोर रामले जानकारी दिए ।

त्यसअघि कारागारका महिला बन्दी गृहमा पुगेर महिला कैदीबन्दीहरूलाई दर स्वरूप मिठाई खुवाउनुका साथै सृङ्गारका सामान प्रदान गरिएको हो ।

उक्त अवसरमा कारगारमा कार्यरत महिला कर्मचारी र महिला प्रहरीलाई समेत मिठाई र सृङ्गारका सामान प्रदान गरिएको छ । जम्मा १ सय ५५ क्षमता भएको कारागार माहाल १६ महिला, १ आश्रित बालक र ३ सय ७१ पुरुष कैदीबन्दी छन् ।

कार्यक्रममा महिला मानवअधिकार रक्षक सञ्जालकी गीता पाण्डे, पत्रकार पुनम पोखरेल, महिला शिक्षक रत्ना गुरुङ, मेचीमहाकाली बुहारी संयुक्त आवाजकी मीरा गुरुङ, सामाजिक कार्यकर्ता उमेश यादवलगायतको सहभागिता रहेको थियो ।

# विश्व बैंकले १२ अर्ब ७५ करोड बराबरको सहुलितपूर्ण ऋृण दिने

काठमाडौँ, १३ भदौ (रासस) ।

विश्व बैंकले नेपालको हरित, उत्थानशील र समावेशी विकास (ग्रीड) का लागि करिब रु १२ अर्ब ७५ करोड (१० करोड अमेरिकी डलर) बराबरको सहुलियतपूर्ण ऋृण उपलब्ध गराउने भएको छ ।

अर्थ मन्त्रालयमा सोमबार आयोजित एक कार्यक्रममा सहुलियतपूर्ण ऋृण सम्झौतामा हस्ताक्षर भयो । सम्झौतामा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका सहसचिव ईश्वरीप्रसाद अर्याल र माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका सञ्चालन प्रबन्धक लाडा स्ट्रेलकोभाले हस्ताक्षर गर्नुभयो ।

बजेटरी सहायताका रुपमा उपलब्ध हुने सो सहयोगले नेपाललाई हरियाली, जलवायु उत्थानशील र समावेशी विकासतर्फ अग्रसर हुन सघाउनेछ । 'ग्रीड'अन्तर्गत तीन चरणमा प्राप्त हुने सहुलियत ऋृणमध्येको यो यो पहिलो चरण हो । "यो सहायताले हरित, समावेशी र उत्थानशील विकासका लागि सरकारको लक्ष्यलाई सघाउनेछ", विश्व बैंकका सञ्चालन प्रबन्धक स्ट्रोलकोभाले भन्नुभयो, "यस कार्यक्रममार्फत हामी, पानी, भूमि प्रयोग, जलवायु स्मार्ट कृषि, दिगो वन व्यवस्थापन, सहरी क्षेत्र, फोहर व्यवस्थापन र प्रदूषणलगायतका क्षेत्रमा सरकारको प्राथमिकतामा रहेका नीतिगत प्रयासलाई सहयोग गर्दछौँ ।"

नेपालको ग्रीड मार्गतर्फको प्रस्थान भनेको यस चुनौतीपूर्ण समयका लागि अवसरले भरिपूर्ण आवश्यक रणनीतिक कदम भएको उहाँले बताउनुभयो । कोभिडबाट आर्थिक पुनरुत्थानका साथै हाल विद्यमान विपद, जलवायु तथा वातावरणीय जोखिमलगायत दिनप्रतिदिन जटिल बन्दै गएको नेपालको विकाससम्बन्धी चुनौतीको माझमा गरिबी निवारण गर्दै देशको समृद्धिका लागि भइरहेको प्रगतिलाई विस्तार तथा संरक्षण गर्न यसले सघाउने सहसचिव अर्यालले बताउनुभयो ।

### *दुई सय घरेलु ...*

रोहवरमा नष्ट गरीएको छ ।

उनले घरेलु मदिरा उत्पादन, विक्रीवितरण र ओसार पसार गर्नेलाई जरिवाना तथा अन्य सजाय हुने कानुनी व्यवस्था रहेको बताए ।

# धनुषामा सबै निर्वाचन क्षेत्रका लागि जसपाको उम्मेदवार सिफारिस

धनुषा, १३ भदौ (रासस) ।

जनता समाजवादी पार्टी ( जसपा)ले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लाको सबै निर्वाचन क्षेत्रबाट उम्मेदवार सिफारिस गरेको छ ।

पार्टीको उम्मेदवार छनोट बिस्तारित बैठकले प्रत्यक्ष र समानुपातिकतर्फका लागि सबै निर्वाचन क्षेत्रबाट उम्मेदवारको नाम सिफारिस गरिएको जसपाका नेता तथा मधेस प्रदेशका पूर्वमन्त्री ज्ञानेन्द्रकुमार यादवले जानकारी दिनुभयो ।

निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभाका लागि दीपक कार्कीको नाम सिफारिस गरिएको छ भने १ को 'क' बाट सुकेश्वर यादव र ब्रह्मदेव महतोलाई सिफारिस गरिएको छ । त्यस्तै 'ख' बाट सुरेन्द्रकुमार मण्डल, बेचन महतो, चन्देश्वर महतो र रामनरेश महतोलाई सिफारिस गरिएको छ ।

निर्वाचन क्षेत्र नं २ मा छनोट गरिएका उम्मेदवारमा प्रतिनिधिसभातर्फ बलराम महतो, सूर्यचन्द्र यादव, गजाधर रोहिता, देवकृष्ण मण्डल र रामशङ्कर पासवान रहेका छन् भने प्रदेशसभाको 'क' तर्फ शैलेन्द्रप्रसाद यादव, अरुन सिंह मण्डल र पशुपति यादव छन् । 'ख'तर्फ रामअशिष यादव, रामअशिष रोहिता, वरुण यादव र देवेन्द्र यादवलाई छनोट गरिएको छ ।

क्षेत्र नं ३ बाट प्रत्यक्षतर्फ प्रतिनिधिसभाका लागि लालकिशोर साह, जीतेन्द्रकुमार यादव, विजयकुमार भगत र सर्वजीत ठाकुरलाई सिफारिस गरिएको छ ।

प्रदेशसभा-३ को 'क' का लागि अशोककुमार यादव, प्रेमचन्द्र झा, जीतेन्द्रकुमार यादव तथा प्रदेशसभा ३ 'ख' का लागि अम्भुप्रसाद साह, विष्णुदेव साह र नवीन यादवको नाम प्रस्ताव गरिएको छ ।

क्षेत्र नं ४ बाट प्रतिनिधिसभाका लागि महाजन यादव र बलराम महतोको नाम प्रस्ताव गरिएको छ । निर्वाचन क्षेत्र नं ४ को 'क' बाट शेष नारायण यादव, बजरङ्गकुमार यादव, हरिनारायण यादव, वृजकुमार यादव र ज्ञानेन्द्र यादवको नाम सिफारिस गरिएको छ भने ४ को 'ख' बाट दिनेशकुमार यादव र राम नरेश महतो नाम सिफारिस गरिएको छ ।

प्रदेशतर्फ समानुपातिकतर्फ उर्मिला साह, घनश्याम यादव, चमेली देवी र सुनिता महरासहित १४ जना र समानुपातिक प्रतिनिधिसभातर्फ बिन्देश्वर यादव, मो सावीर राइन, प्रमिला दाससहित छ जना रहेको जनाइएको छ ।

### *मतदाता नामावली ...*

वा सोभन्दा बढी स्थानबाट नामावली सङ्कलन भएको भए हटाइनेछ । झुटा विवरणबारे प्राप्त उजुरीमाथि सम्बन्धित मतदातालाई सफाइको मौका पनि दिइनेछ । नामावलीमा अद्यावधिक कार्य सम्पन्न गरी यही भदौ २४ गते आयोगमा विवरण पठाउन भनिएको छ ।

आयोगले 'मतदाता नामावली अद्यावधिक( दाबी विरोधसमेत) कार्यक्रम २०७९' गत साउन २२ गते आयोगबाट स्वीकृत गरी प्रमुख नाम दर्ता अधिकारी तोकेको थियो । यही भदौ ३१ गते आयोगले अन्तिम मतदाता नामावली स्वीकृत गरी वेबसाइटमा प्रकाशन गर्नेछ ।


## सूचना । सूचना ॥ सूचना ॥।

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी



## सम्पत्ति विवरण समयमै बुझाऔं जरिवानावाट बचौं।

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं।
- आर्थिक बर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेस गरौं।
- भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER — Money Transfer Made Easy
Best Remit — Quick & Easy
PRABHU Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट — HBL Himalayan Bank Ltd — BATAS
CG Money — CHAUDHARY GROUP


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np